# सुरक्षित कारोबार नियमावली, २०७३

<u>नेपाल राजपत्रमा प्रकाशित मिति</u>
२०७३।१०।१७

सुरक्षित कारोबार ऐन, २०६३ को दफा ५९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरूको नाम "सुरक्षित कारोबार नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले सुरक्षित करोबार ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "पूर्व कारोबार" भन्नाले ऐनको दफा ५७ बमोजिम सम्पन्न भएका कारोबार सम्झनु पर्छ ।

(ग) "निकाय" भन्नाले ऐन तथा यस नियमावली बमोजिम दर्ता कार्यालयले गर्ने कुनै वा सबै काम कारबाही गर्नका लागि ऐनको दफा ५ को उपदफा (२) बमोजिम नेपाल सरकारसँग सम्झौता गरेको निकाय सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले अर्थ मन्त्रालय सम्झनु पर्छ ।

३. <u>रजिष्ट्रार प्रशासकीय प्रमुख हुने</u> : (१) रजिष्ट्रार दर्ता कार्यालयको प्रशासकीय प्रमुख हुनेछ ।

(२) दर्ता कार्यालयको काम कारबाही गर्न ऐनको दफा ५ को उपदफा (२) बमोजिम कुनै निकायसँग सम्झौता भएको रहेछ भने रजिष्ट्रारले त्यस्तो निकायको नियमनकारी अधिकारीको रूपमा काम गर्नेछ ।

४. <u>रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार</u> : ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सूचना दर्ताको लागि सञ्चालनमा ल्याएको वेबसाइटको सुरक्षित तरिकाले सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(ख) दर्ता भएका सूचना तथा विवरणहरू सार्वजनिक अभिलेखको रूपमा सबैको पहुँच सहज हुन सक्ने गरी अद्यावधिक गरी राख्ने,

(ग) दर्ता भएका सूचना सम्बन्धी अभिलेख अनलाईन मार्फत हेर्न चाहनेलाई त्यस्ता अभिलेख निःशुल्क हेर्न र कसैले कुनै सूचनाको प्रमाणित प्रति माग गरेमा दर्ता कार्यालयले निर्धारण गरे बमोजिमको शुल्क लिई अनलाईन मार्फत त्यस्तो प्रमाणित प्रति उपलब्ध गराउने व्यवस्था मिलाउने,

(घ) ऐन तथा यस नियमावली बमोजिम सुरक्षित कारोबार सम्बन्धी सूचना दर्ता गर्ने सम्बन्धमा निकायलाई आवश्यक निर्देशन दिने,

(ङ) अन्य आवश्यक कार्य गर्ने ।

५. <u>दर्ता कार्यालयको काम, कर्तव्य र अधिकार</u> : ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त दर्ता कार्यालयको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) दर्ता भएको सूचनामा सर्वसाधारणको सहज पहुँच हुन सक्ने व्यवस्था मिलाउने,

(ख) सूचना दर्ता गर्ने, सूचना संशोधन गर्ने वा दर्ता भएका सूचनाको खोजी गर्ने सम्बन्धमा पर्न सक्ने प्राविधिक समस्या वा सो सम्बन्धमा कसैको कुनै जिज्ञासा भए सो समेतको समाधानको लागि आवश्यक व्यवस्था गर्ने,

(ग) दर्ता भएका सूचनामध्ये धितो राखेको सम्पत्तिको पहिचान हुने सूचना सम्बन्धी विवरणलाई अनधिकृत रूपमा हेरफेर गर्न नसकिने गरी सुरक्षित रूपमा राख्ने व्यवस्था गर्ने,

(घ) इन्टरनेट सेवा अवरूद्ध भएको वा काबु बाहिरको अवस्थामा बाहेक सुरक्षित कारोबार प्रणालीको प्रयोगकर्तालाई निरन्तर र नियमित रूपमा अनलाईन सेवा उपलव्ध गराउने व्यवस्था गर्ने।

६. <u>सूचना प्रदायकको जिम्मेवारी हुने</u> : ऐन बमोजिम दर्ता कार्यालयमा कुनै पनि व्यक्ति वा संस्थाले दर्ता गरेको सूचनाको यथार्थता र पर्याप्तता सम्बन्धी सम्पूर्ण जिम्मेवारी सम्बन्धित सूचना प्रदायकको हुनेछ।

७. <u>सूचना दर्ता अनलाईन मार्फत हुने</u> : ऐन बमोजिम दर्ता कार्यालयमा सूचना दर्ता गर्दा दर्ता कार्यालयले तोके बमोजिमको ढाँचामा अनलाईन मार्फत दर्ता गराउनु पर्नेछ।

८. <u>अभिलेख खोजी गर्न सक्ने</u> : ऐनको दफा १८ को उपदफा (२) बमोजिम अभिलेख खोजी गर्दा देहायका संस्थाको हकमा देहाय बमोजिमको विवरण खुलाउनु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम स्थापना भएको सङ्गठित संस्थाले धितो दिएको भए त्यस्तो संस्थाको नाम, ठेगाना र दर्ता प्रमाणपत्र नम्बर,

(ख) प्रचलित कानून बमोजिम नेपालमा व्यवसाय सञ्चालन गर्न अनुमति प्राप्त विदेशी सङ्गठित संस्था वा नेपालमा दर्ता नभएको तर प्रचलित कानून बमोजिम नेपालमा व्यवसाय सञ्चालन गर्न अनुमति प्राप्त गरेको विदेशी सङ्गठित संस्थाले धितो दिएको भए त्यस्तो संस्थाको नाम।

९. <u>पूर्व कारोबार दर्ता सम्बन्धी व्यवस्था</u> : (१) दर्ता कार्यालयले ऐनको दफा ५७ को उपदफा (१) र (२) बमोजिम भएका पूर्व कारोबार र दर्ता कार्यालय सञ्चालनमा आएपछि भएका सुरक्षित कारोबार सम्बन्धी सूचनाहरूको छुट्टाछुट्टै दर्ता गर्नु पर्नेछ।

(२) दर्ता कार्यालयले पूर्व कारोबारको सूचना दर्ताको लागि ऐनको दफा ५७ को उपदफा (१) को खण्ड (ग) को अधीनमा रही कम्तीमा नब्बे दिनको समयावधि तोकी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम दर्ता भएको पूर्व कारोबारको परिपक्कताको परिपालना तथा कार्यान्वयनमा द्विविधा भएमा त्यस्तो पूर्व कारोबार सम्बन्धी रीतपूर्वक भएको सम्झौताको मितिको अग्रताको आधारमा परिपक्कताको प्राथमिकताको निर्धारण हुनेछ।

१०. <u>अनुगमन तथा निरीक्षण</u> : (१) ऐन तथा यस नियमावली बमोजिम दर्ता कार्यालयले गर्नु पर्ने काम कारबाहीका सम्बन्धमा मन्त्रालयले समय समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा सुरक्षित कारोबार सम्बन्धी सूचना दर्ता गर्ने सम्बन्धमा मन्त्रालयले दर्ता कार्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम मन्त्रालयले दिएको निर्देशन पालना गर्नु दर्ता कार्यालयको कर्तव्य हुनेछ।

(४) कुनै निकायले ऐन तथा यस नियमावली बमोजिम कुनै काम गरे वा नगरेको सम्बन्धमा रजिष्ट्रारले निरीक्षण वा अनुगमन गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम निरीक्षण वा अनुगमन गर्दा त्यस्तो निकायलाई कुनै निर्देशन दिन आवश्यक देखिएमा रजिष्ट्रारले निर्देशन दिन सक्नेछ।

(६) उपनियम (५) बमोजिम रजिष्ट्रारले दिएको निर्देशन त्यस्तो निकायले पालना गर्नु पर्नेछ।

११. <u>सम्झौता रद्द गर्न सक्ने</u> : (१) ऐन तथा यस नियमावली बमोजिम सूचना दर्ता गर्ने सम्बन्धमा रजिष्ट्रारले समय समयमा दिएको निर्देशन निकायले पालना नगरेमा वा त्यस्तो निकायको ऐनको दफा ५ को उपदफा (२) बमोजिमको क्षमता कायम नरहेको भनी रजिष्ट्रारले सिफारिस गरेमा मन्त्रालयले जुनसुकै बखत त्यस्तो निकायसँग गरेको सम्झौता रद्द गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सम्झौता रद्द गर्नु अघि त्यस्तो निकायलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सम्झौता रद्द भएमा सूचना दर्ता गर्ने सम्पूर्ण काम कारबाहीको जिम्मेवारी दर्ता कार्यालयले पूरा गर्नु पर्नेछ ।

१२. वार्षिक प्रतिवेदन पेश गर्ने : निकायले वर्षभरिमा आफूले गरेको काम कारबाहीको विवरण सहितको प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र रजिष्ट्रार समक्ष पेश गर्नु पर्नेछ ।

१३. अधिकार प्रत्यायोजन : ऐन तथा यस नियमावली बमोजिम रजिष्ट्रारले गर्नु पर्ने कुनै काम गर्न रजिष्ट्रारले दर्ता कार्यालयको कुनै कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

१४. कार्यविधि बनाई लागू गर्न सक्ने : सूचना दर्ता गर्ने कामलाई सहज, प्रभावकारी, पारदर्शी एवम् भरपर्दो बनाउन ऐन र यस नियमावलीको अधीनमा रही मन्त्रालयले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

नेपाल कानून आयोग